मिति २०८३/५/१५ गते तदअनुसार ने.सं. ११४६ गुँलागा तृतीया सोमबार दिनको १:०० बजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १६७ औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

उपस्थिती

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री कल्याण प्रसाद सुवेदी | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री बालकृष्ण रोक्का | सदस्य | |

# बैठक संख्याः-१६७
## मितिः-२०८३/५/१५
## नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु

१.गत बैठकको समिक्षा।
२.भोटेकोशी त्रिशुली बाढी पिडीत राहत सम्बन्धमा।
३.आर्थिक सहयोग/सहायता सम्बन्धमा।
४.पाँचखाल ६ तिनपिप्ले स्थित कृष्ण मन्दिरमा कन्या पुजा तथा रथ जात्रा सञ्चालन सम्बन्धमा।
५.विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन गरिएको सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना सम्बन्धमा।
६.वर्षातको कारण बिग्रिएका तथा बिग्रन सक्ने साभावना रहेका सडकहरु मर्मत संभार सम्बन्धमा।
७.योगदानमा आधारित ऋणीगत(एकल) कृषि कर्जा सुरक्षण योजना सम्बन्धमा।
८.व्यवसाय नविकरण सम्बन्धमा।
९.विविध।

बैठक संख्या १६७

मिति २०८३/५/१५

नगरकार्यपालिका बैठकका निर्णयहरु

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

**निर्णय नं. १**

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्बन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. २**

भोटेकोशी-त्रिशुली बाढी पिडित नागरिकहरुलाई राहत तथा पुनःस्थापना कार्यको लागि पाँचखाल नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको मासिक सुरु तलब स्केल बमोजिम श्रेणीविहिन कर्मचारीको २ दिनको, सहायकस्तर कर्मचारीको ५ दिनको अधिकृतस्तर कर्मचारीको ७ दिनको र जनप्रतिनिधिहरुको ७ दिन बराबरको तलब/पारिश्रमिक रकम कट्टा गर्ने र नगरस्तरीय विपद् व्यवस्थापन कोषबाट रु.१०,००,०००/- प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अम्बिका श्रेष्ठ | पाँचखाल न.पा. वडा नं ६ | १००००/- | मुटुमा समस्या |
| २ | मन्जु खकुरेल | पाँचखाल न.पा. वडा नं १३ | ३००००/- | स्तन क्यान्सर |
| ३ | सरस्वती सार्की | पाँचखाल न.पा. वडा नं ९ | १००००/- | कलेजोमा समस्या |
| ४ | काले चर्माकार | पाँचखाल न.पा. वडा नं ९ | ५००००/- | घुँडाको शल्यक्रिया |
| ५ | मृतक हरिमाया तामाङ | पाँचखाल न.पा. वडा नं ३ | १००००/- | काजक्रिया |

**निर्णय नं. ४**

विगत वर्षहरुझै यस वर्ष पनि श्रीकृष्ण जन्माष्टमीको अवसरमा पाँचखाल ६ तिनपिप्ले कृष्ण मन्दिरमा आयोजना गर्न लागिएको कृष्णजीको रथ यात्रा र कन्या पुजा कार्यक्रमका लागि नगरस्तरीय आकस्मिक खर्च शीर्षकबाट रु.१५००००/- आथिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ५**

हाल सञ्चालनमा रहेको विद्युतिय खरिद प्रणालीमा सुरक्षा जोखिम रहेको भनी सार्वजनिक खरिद अनुगमन कार्यालयको पत्र प्राप्त भएअनुसार हालको विद्युतिय खरिद प्रणालीलाई स्थगन गरी मिति २०८३/०५/११ गतेसम्म प्रकाशन भई प्रस्ताव पेश गर्ने म्याद समाप्त हुन बाँकी रहेका र नयाँ प्रकाशन हुनेको हकमा हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रमाणित

२०८३/५/१५

निर्णय नं. ६

नगरस्तरीय विपद व्यवस्थापन कोष शीर्षकबाट खर्च भुक्तानी हुने गरी वर्षातको कारण बिग्रिएका तथा बिग्रन सक्ने साभावना रहेका निम्न सडकहरु प्राविधिक इष्टिमेट बमोजिम मर्मत संभार गर्ने निर्णय गरियो।

१.सल्लेनी गैरा मोटरबाटो पाँचखाल न.पा. ३ ~~ट्रिप ग्राभेल प्रयोग गरी जोरपाटीमा परेको खाडल पुर्ने~~

२.३६ किलो बन्से सडक पाँचखाल न.पा. ५ वाल निर्माण

३.डाँडाखर्क सडक पाँचखाल न.पा. ८ वाल निर्माण

४.खोरङटोल घिसिङटोल सडक पाँचखाल न.पा. ८ नाली निर्माण

निर्णय नं. ७

पाँचखाल नगरपालिका र निक्षेप तथा कर्जा सुरक्षण कोष काठमाण्डौं विच मिति २०८३/५/११ मा भएको सम्झौता बमोजिम योगदानमा आधारित ऋणीगत(एकल) कृषि कर्जा सुरक्षण योजना २०८३ का लागि यस पालिकाले कोषमा जम्मा गर्नुपर्ने रकम रु.५०,००,०००/- मध्ये हाललाई २५,००,०००/- कोषमा अन्य समपुरक फण्ड शीर्षकबाट जम्मा गर्ने र बाँकी रकम क्रमश जम्मा गर्दै जाने निर्णय गरियो।

निर्णय नं. ८

पाँचखाल नगरपालिका भित्र कार्यक्षेत्र भई दर्ता भएका, कम्तीमा दुई आ.व. देखि नविकरण नगरेका व्यवसाय, फर्म, संघ संस्था, उद्योगहरुलाई बुझाउनु पर्ने राजश्व बुझाई नविकरण नगरेसम्म वडा तथा नगरपालिकाबाट दिईने सेवा तथा कुनै सिफारिस, लिखतहरु उपलब्ध गराउन कडाई गर्ने गराउने निर्णय गरियो।

निर्णय नं. ९(विविध)

क. वडा अध्यक्षज्यूहरुले नगरप्रमुख समक्ष उपलब्ध गराईएको विवरण बमोजिम मिति २०८३/५/१० गते आएको भोटेकोशी-त्रिशुली नदिबाट बेपत्ता/सम्पर्क विहिन यस पाँचखाल नगरपालिकाका निम्न व्यक्तिहरुका परिवारलाई प्रति परिवार १,००,०००/-(एक लाख)का दरले राहत स्वरुप विपत व्यवस्थापन कोष शीर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने र उल्लेखित व्यक्तिहरु बाहेक अरु कोही भएमा वडा कार्यालय वा नगरपालिकामा जानकारी गराउन सूचना जारी गर्ने निर्णय गरियो।

१. राजकुमार गौतम पाँचखाल न.पा. वडा नं १२

२. मिलन खरेल पाँचखाल न.पा. वडा नं ११

३. ज्ञानेन्द्र लाल श्रष्ठ पाँचखाल न.पा. वडा नं ३

४. विजय तामाङ पाँचखाल न.पा. वडा नं ७

५. दिल बहादुर कायष्ठ पाँचखाल न.पा. वडा नं ६ (मृतक)

ख. अरनिको राजमार्ग समाजकल्याणचोकदेखि नगरपालिकाको कार्यालय भवनसम्मको सडक निर्माण तथा स्तरोन्नती गर्ने कार्यक्रम बमोजिम सो क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण गरी बनेका घर टहराका धनी तथा उक्त स्थानमा व्यवसाय गरी बस्नुभएका व्यवसायीहरुको अनुरोधमा मिति २०८३/५/१५ गते बसेको बैठकको निर्णय तथा सहमती बमोजिम हाललाई नजिकिदै गरेको चाड दशैं, तिहार सम्म व्यवसाय गर्न दिने र उक्त अवधी पछि तत्काल घरधनी तथा व्यवसायीहरुले घर टहरा भत्काई खाली गरिदिने सहमती भएकोले सोही बमोजिम गर्ने गराउने निर्णय गरियो।

ग. पाँचखाल नगरपालिका वडा नं ६ स्थित ठाँटी कृष्णअष्टमी रथयात्रा र एकताबस्ती कृष्णअष्टमी रथयात्राको लागि वडास्तरीय योजना आकस्मिक कोष शीर्षकबाट रु. ५०/५० हजार रकम उपलब्ध गराउने निर्णय गरियो।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प्रमाणित

घ. जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकको अनुरोधमा प्रहरी कार्यालय भवनमा रङरोगनको लागि रु.२,००,०००/- अनुदान रकम मर्मत संभार कोष शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

ङ नियमानुसार प्रकृयामा आएको बोम्जन फोर ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. पाँचखाल ४ लाई "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

च. रु.४०००००/- मा नबढ्ने गरी प्राविधिक इष्टिमेट बमोजिम नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ३ स्थित दर्शनढुङ्गे विरालीबिसी कृषि सडक स्तरोन्नती गर्ने निर्णय गरियो।

*( बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।)*

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

कल्याण प्रसाद सुवेदी
निमित्त प्रमुख प्रशासकीय अधिकृत

महेश खरेल
नगर प्रमुख